# अन्तिम लेखापरीक्षण प्रतिवेदन

गोरखा नगरपालिका, गोरखा

## आर्थिक वर्ष २०७६/७७


महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
गोरखा नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
गोरखा।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते**

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)
Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९ च.नं.: १२२ मितिः२०७८।०५।०४

श्री नगर प्रमूखज्यू,
गोरखा नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
गोरखा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले गोरखा नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रु ३ करोड ९६ लाख ६९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ५९ लाख ९९हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड ७४ लाख ३५ हजार र पेस्की बाँकी रु ६२ लाख ३५ हजार रहेको छ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४२ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# आर्थिक कारोवारको स्थिति

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १४ वडा, ७५ सभा सदस्य, १३१।८६ वर्ग किलोमिटर क्षेत्रफल तथा ५०६८४ जनसंख्या रहेको छ ।

## आय व्ययको ए ककृत ववरण २०७६।७७

| स नं | आयतर्फ | | | स नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | ववरण | रकम | जम्मा रकम | | ववरण | रकम | जम्मा रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६१०३००००. | १ | **चालु खर्च** | ४३२०७४०००. | ४३२०७४०००. |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | १९६९२५००० | १९६९२५००० |
| | ख) बैंक | ६१०३००००. | | ३ | वषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | | १६४२३०७०४ |
| २ | **राजस्व (आन्तरिक आय)** | | १५२३०६२६८.६४ | | सामाजिक सुरक्षा | १३९४९६४०० | |
| | क) आन्तरिक राजस्व | ५९३४८८९९.६४ | | | स्थानीय पुर्वाधार साझेदारी | १९०५६००७ | |
| | ख) राजस्व बाँडफाँड | ९२९५७३६९ | | | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण वभाग | ९३८१९९ | |
| | ग) अन्य आय | | | | प्रदेश सरकार शक्षा वकास निर्देशनालय | २५४००९८ | |
| ३ | **वित्तीय हस्तान्तरण** | | ५५२७७०००० | | प्रदेश सरकार सामाजिक वकास मन्त्रालय | १२००००० | |
| | क)वित्तीय समानीकरण अनुदान | २३३१००००० | | | मुख्यमन्त्रि तथा मन्त्रि परिषदको कार्यालय | १०००००० | |
| | ख) सशर्त अनुदान | ३१९६७०००० | | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | | 0 |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनु◌ुदान** | | २१६६५००० | | क) ऋण भुक्तानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | १६६६५००० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) सशर्त अनुदान | | | | ग) अन्य भुक्तानी | | |
| | ग) समपूरक अनुदान | ५०००००० | | ५ | **लगानी** | | 0 |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | 0 | ६ | ऋण लगानी | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | १५१५७००० | | शेयर लगानी | | |
| | क) ऋण प्राप्ति | १५१५७००० | | | अन्य लगानी | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ३८७०००२८.८८ | | **धरौटी फिर्ता** | १८६२३९८ | १८६२३९८ |
| | प्रकोप व्यवस्थापन | १६९१०८४१. | | | **कोष खर्च (प्रकोप तथा अन्य कोष)** | | २०६२६१८४ |
| | विविध कोष | १८७३९००१.८८ | | | **प्रकोप व्यवस्थापन कोष** | १०८७९९१३ | |
| | विविध खर्च | ३०५०१८६. | | | **विविध कोष** | ७२०१२७१ | |
| ८ | वषयगत तर्फः | | १६४२३०७०४ | | **विविध खर्च** | २५४५००० | |
| | सामाजिक सुरक्षा | १३९४९६४०० | | | **मौज्दात** | | २१७९२८२७९. |
| | स्थानीय पुर्वाधार साझेदारी | १९०५६००७ | | | क) नगद मौज्दात | | |
| | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण वभाग | ९३८१९९ | | ७ | ख) बैंक मौज्दात (संचित कोष खाता) | १८७९२११६७ | |
| | प्रदेश सरकार शक्षा वकास निर्देशनालय | २५४००९८ | | | ग) बैंक मौज्दात (राजश्व बाँडफाँड खाता) | | |
| | प्रदेश सरकार सामाजिक वकास मन्त्रालय | १२००००० | | | घ) बैंक मौज्दात (धरौटी कोष खाता) | ११२८९२२२.०० | |
| | मुख्यमन्त्रि तथा मन्त्रि परिषदको कार्यालय | १०००००० | | | ङ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष) | ६००३३५३. | |
| ९ | **जनसहभागिता (नगद भए)** | १४९११५७१ | १४९११५७१ | | ङ) बैंक मौज्दात (विविध कोष) | ११५०९३५०. | |
| १० | **धरौंटी आय** | १२०६८९९१.५४ | १२०६८९९१.५४ | | ङ) बैंक मौज्दात (विविध खर्च) | ५०५१८६. | |
| | जम्मा | १०३२८४६५६४।०० | १०३२८४६५६४।०० | | जम्मा | १०३२८४६५६४।०० | १०३२८४६५६४।०० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **प्रतिक्रियावाट असुलीः** लेखापरीक्षणक प्रतिवेदन जारी भएपछि प्रतिक्रियावाट वढी बैठक भत्ता भुक्तानी तथा पुर्वनिर्धारित क्षतिपुर्ति बापत बढी भुक्तानी भएको रु ३९१९१९। दाखिला भइ आएको छ। | |
| १ | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>• यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाइ आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। | |

| विवरण | श्रेष्ता अनुसार | मलेपफा नं २७२ अनुसार | फरक रकम |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | ६१,०३०,०००.०० | ९२५६८६४७. | -३१,५३८,६४७.०० |
| कोष तर्फको आय | ३८,७००,०२८.०० | ९७४७००० | २८,९५३,०२८.०० |
| राजस्व (राजस्व बाँडफाँट समेत) | १५२,३०६,२६८.०० | १३७६११७६२ | १४,६९४,५०६.०० |
| कोष खर्च | २०६२६१८४ | ० | २०,६२६,१८४.०० |
| मौज्दात | २१७१२८२७८ | २०१०७४८१२. | १६,०५३,४६६.०० |
| ऋण प्राप्ति | १५१५७००० | | १५,१५७,०००.०० |
| विषयगत तर्फ खर्च | १६४२३०७०४ | ४६४७८६०० | ११७,७५२,१०४.०० |
| धरौटी आय | १२०६८९९१.०० | ३३७७८८७ | ८,६९१,१०४.०० |
| धरौटी फर्ता | १८६२३९८ | २०३७३९८ | -१७५,०००.०० |
| कुल खर्च | ६२८९९९००० | ६२९८९६६५६ | -८९७,६५६.०० |

• **खर्च सुत्रमा पोष्टीङ नभएकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० मा स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारबाहीमा एकरूपता कायम गर्न तथा पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्न त्यस्तो क्षेत्रमा प्रयोग गर्नुपर्ने सूचान प्रविधिको ढाँचा तोक्न सक्नेछ भन्ने व्यवस्था छ ।जसअनुसार नेपाल सरकारले सवै स्थानीय तहहरुमा सुत्र सफ्टवेयर प्रयोगमा ल्याएको छ । तर यस पालिकाले देहायका कोषको आम्दानी तथा खर्चहरु सुत्रमा पोष्टीङ गरेको छैन त्यसैले सुत्रवाट देखिएका तथ्यांकले यस पालिकाको यथार्थ आय व्ययको चित्रण गर्दैन । यसमा सुधार गरी सुत्रको पुर्णरुपमा कार्यान्वयन गर्नुपर्दछ ।

| क्र स | वजेट स्रोत | रकम |
|---|---|---|
| १ | प्रकोप व्यवस्थापन कोष | १०८७९९१३ |
| २ | विविध कोष | ७२०१२७१ |
| ३ | विविध खर्च | २५४५००० |
| | खर्चतर्फ जम्माः | २०६२६१८४ |
| १ | प्रकोप व्यवस्थापन कोष | १६९१०८४१. |
| २ | विविध कोष | १८७३९००१.८८ |
| ३ | विविध खर्च | ३०५०१८६. |
| | आम्दानी तर्फ जम्माः | ३८७०००२८.८८ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ साथै सम्पुर्ण आम्दानी तथा खर्च समेत देखिने गरी सुत्रमा समावेश गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| २ | **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राखुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको कुनै पनि खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन। बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ। | |

| खाताको नाम | २०७७ असार मसान्तसम्मको बाँकी रकम | २०७७ असार मसान्तपछि थप भएको रकम | २०७७ असारपछि साटिएका चेकको कुल रकम | वास्त वक मौज्दात |
|---|---|---|---|---|
| चालु खर्च खाता | ६५११८०७२.८ | | ३३८४१९१५.९३ | ०. |
| पुँजीगत खर्च खाता | ९११८६७५४५ | | ४५२३४३१७.१ | ०. |
| सं चत कोष खाता | १०२५३४५४९.१२ | ८५२८६६२६.४६ | | १८७८२११७५.५८ |
| धरौटी खाता | १०६५६०१७.५४ | ६३३२०५ | | ११२८९२२२.७४ |
| वभाज्य कोष खाता | ३९०८३३३ | | ३९०८३३३ | ०. |
| प्रकोप व्यवस्थापन कोष | ३२३८१९२.०३ | ५७७५९९५. | ३०१०८३४ | ६००३३५३.०३ |
| राजश्व वाँडफाँड खाता | ०. | | | ०. |
| व वध कोष | १३९६९३५०.५४ | | २४६०००० | ११५०९३५०.५४ |
| व वध खर्च | ९५५१८६. | २१२७००० | ४५०००० | २६३२१८६. |
| आन्तरिक अनुदान | ०. | | | ०. |
| | २९२२४७२४५.४ | ९३८२२८२६.६६ | ८८९०५३९९.८५ | २१९२५५२८७.८९ |

३ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• पालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• पालिकाले वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदि विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको, | |

| दफा | भौचर नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>• इन्टरनेटको माध्यमवाट भिज्युअल कक्षा सन्चालन गर्नको लागि केही विद्यालयलाइ अनुदान दिएकोमा टिभिका अतिरिक्त व्यक्तिगत प्रयोगमा आउने मोवाइलहरु समेत खरिद गरेको अवस्था रहेको,<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. २ करोड ६३ लाख ३९ हजार खर्च लेखेको पाईयो ।जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको,<br>• कार्यालयले एक्साभेटरमा चलाएवापत भनि इन्धन, एक्साभेटरको मर्मत तथा चालकलाइ तलव तथा अन्य प्रोत्साहन वापत खर्च लेखेको तर एक्साभेटरले कुन ठाउमा कति समय काम गर्‍यो र कति रकम वरावरको काम गर्‍यो भनि मुल्यांकन गरेको छैन भने गरेको कामको कार्यसम्पन्न प्रतिवेदन समेत छैन। काम गरेको देखिनेगरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने देखिएको, | |

| दफा | भौचर नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कार्यालयमा २०७६ श्रावणमा करारमा ३९ जना पदपुर्ति (स्वास्थ्य, कृषि, पशु, फोहरमैला व्यवस्थापनमा वाहेक) रहेको र स्थायी तर्फ ४९ जना रहेकोमा लोकसेवा आयोगवाट थप पदपुर्ति भएकोमा असार मसान्तमा स्थायी ५८ जना रहेकोमा करारमा ४० जना रहेकोले स्थायी पदपुर्ति भएकोमा करारमा कार्यरत जनशक्ति नहटाएको,<br>• स्थानीय सरकार सन्चालन ऐन तथा अन्य कानून वमोजिक स्थानीय तहले घर तथा जग्गा वहाल कर मात्र संकलन गर्ने उल्लेख भएकोमा यस कार्यलयले सवारी साधनमा तथा ढुवानीमा कट्टी गरेको कर रकम समेत स्थानीय संचितकोषमा आम्दानी वाँधेको,<br>• सुचना प्रकाशन गर्दा सन्चार माध्यमहरुले छुट दिने देखिएकोमा कार्यालयले भौ नं ७ वाट मनास्लु मिडिया प्रालिलाइ रु २८१३७०। भुक्तानी दिएकोमा छुट नलिएको तथा अन्य केही सुचनामा समेत यस्तै देखिएको,<br>• समयमा भुक्तानी नगरेको कारण नेपाल विद्युत प्राधिकरणलाइ भौ नं १४ वाट रु ३०२२४। जरिवाना तिरेको,<br>• लिगलिग दौड प्रतियोगितकाको लागि ३ वटा स्थानीय तहको खर्च भनि उल्लेख गरेकोमा यस कार्यालयवाट श्री ध्रुव प्रसाद घिमिरेलाइ रु ४६२१५४। भुक्तानी गरेकोमा कुल खर्च कति हो एकिन नगरेको,<br>• नेपाल पत्रकार महासंघ गोरखा शाखालाइ रु ५ लाख दिएकोमा उक्त रकमवाट १० थान ल्यापटप (प्रति थानि रु ४४२४७। मुअकर वाहेक) खरिद भएकोमा पत्रकारहरुलाइ दिए नदिएको एकिन नगरेको तथा शत प्रतिशत अनुदान दिने गरी खरिद गरेकोमा कार्यालय आफैले प्रतिस्पर्धाको माध्यमवाट खरिद गर्नुपर्नेमा नगरेको,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष देहायअनुसार एकमुष्ट वजेट राखेकोमा कार्यक्रम तोकेको छैन । बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । रु हजारमा | |

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|
| पुजिगत परामर्श तथा योजनाहरुको सम्भाव्यता अध्ययन | ३००० | ४९६ |
| मर्मत संभार कोष | २९४९ | १२६८ |
| विपद व्यवस्थापन कोष | २७९३ | ४९६ |
| सरसफाई केन्द्र | २५०० | २२३८ |

| दफा | भौचर नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५ | **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिश १०८६ वटा, घरवाटो सिफारिश ६२१ वटा, नाता प्रमाणित ६३५ वटा, जन्म दर्ता ९२३, मृत्यु दर्ता २८५ वटा, वसाइ सराइ ८१, अन्य ३९२ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। | |
| ६ | **नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ.व. २०७६।७७ मा २०७ वटा घरको नक्सापासको लागि निवेदन दिएकोमा २०७ लाइ नै अस्थायी अनुमति दिएको छ भने गत वर्ष अनुमति लिएका ४७ र यस वर्ष निवेदन दिएका सवैको समेत कुल २५४ वटा घरको कार्यसम्पन्न भएको अवस्था छ । पालिकाले आफ्नो क्षेत्रिभित्रको घरहरुको अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ । | |
| ७ | **सुत्रमा पोष्टिङ नगरी रकमान्तर गरेकोः** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ७९ मा कुनै शिर्षकवाट पुजीगत शिर्षकमा रकमान्तर गर्न सकिने उल्लेख छ। नगर कार्यपालिकाको मिति २०७७।२।१८ को वैठकले योजना परिवर्तन गर्ने निर्णय गरे अनुसार वडा स्तरीय कुल १२० योजनालाइ परिवर्तन गरी कुल १३२ योजनामा परिवर्तन गरेको देखिन्छ भने १३ वटा नगरस्तरीय योजना/ वजेट शिर्षक परिवर्तन गरी १६ योजना तयार गरेको गरी समग्रमा कुल रु २,०३,५०,०३५। का योजना परिवर्तन गरेको देखिन्छ।उक्त कार्यक्रम संसोधन गरेकोमा सुत्रमा पोष्टीङ गरेको छैन। सुत्रमा पोष्टिङ नहुदा कार्यक्रम एउटा तर खर्च अर्कोमा भएको अवस्था छ। विशेषगरी वडामार्फत कार्यक्रम सन्चालन हुने कार्यक्रमहरु कोरोनाको कारण गर्न नसकिएको कारण अन्य कामको लागि रकमान्तर गर्दै खर्च गरी अन्तिममा एकमुष्ट रुपमा पालिकावाट अनुमोदन भएको अवस्था छ। रकमान्तर गर्दा अनिवार्य रुपमा सुत्रमा पोष्टीङ गरि यथार्थ विवरणको लेखा राख्नु पर्ने देखिन्छ। यसमा पालिकाका जननिर्वाचित पदाधिकारी तथा जिम्मेवार कर्मचारी जवाफदेही बनाई यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ। | |
| ८ | **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. ३३ लाख ७८ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| ९ | **योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | १०३ | ८४४६००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २१६ | ६४८०००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ४९ | ४३३००००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मा योजना | ० | ० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ६ | ४७९००००० |
| | जम्मा | ३७४ | १०६१२६००० |

१० **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि **५३** सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १२ रहेको र यो बर्ष २९ मुद्दा दर्ता भएकोमा २४ वटा मात्र फछ्र्यौट भई १७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

११

**चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| विवरण | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| कुल खर्च | ६२८९९९३९६.७५ | १२६४४१८४२.२२ | १३४६५३२९९.३१ | ३६७८९९१०९.२२ | २३९३२१२३९.८४ |
| खर्च प्रतिशत | १००. | २०.१ | २१.४१ | ५८.४९ | ३८.०५ |
| पुजीगत खर्च | २०३२६३६९२ | २७०४६९११ | ३०१५०२१२ | १४९७२२२६२ | |
| खर्च प्रतिशत | १००. | १३.३१ | १४.८३ | ७३.६६ | |

१२ **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **वजेटको तुलनामा खर्च प्रतिशत** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|---|
| आ र्थक वकास | ७४०९४००० | २८१६८५३२ | ३८.०२ | ४.४८ |
| सामाजिक वकास | ३६८९४८००० | ३०५०१९४२४.५४ | ८२.६७ | ४८.४९ |
| पूर्वाधार वकास | २६२२६१२४६ | १३३९८०८९३.३७ | ५१.०९ | २१.३ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २२३९२००० | ८४८३७८० | ३७.८९ | १.३५ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १९४१७३१९४ | १५३३४६७६६.८४ | ७८.९७ | २४.३८ |
| जम्मा | ९२१८६८४४० | ६२८९९३९६.७५ | ६८.२३ | १००. |

उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा कुल खर्चको २१।३ % रहेको छ भने सामाजिक विकासमा ४८।४९% खर्च भएको देखिएको छ। पुर्वाधार वजेटमा छुट्याएको रकममध्ये वजेटको तुलनामा ५१ % मात्र खर्च भएको देखिएकोले पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।

१३ **कार्यक्रमगत प्रगतिः** तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पूजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्ः

रु हजारमा

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|
| कट्टेल चोक देखि आम डाडा मोटर बाटो | २१०० | ० |
| गोरखा क्याम्पस आबश्यक भौतिक पुर्वाधार निर्माण | २००० | ० |
| थर्पु कोखे आहाले मोटर बाटो | ३००० | ० |
| नगरपालिका क्षेत्रको कालोपत्रे सडक मर्मत (सडक बोर्ड नेपाल) | ९००० | ५९० |
| नगरपालिका हुदै तेह्रकिलो मोटर बाटो निर्माण | २००० | ० |
| नया बस्ती बराह सडक | २००० | ० |
| पुजिगत परामर्श तथा योजनाहरुकाे सम्भाव्यता अध्ययन | ३००० | ४९६ |
| प्याराग्लाइडिङ | १००० | ० |
| पाटेचौर रानीवन पन्थेश्वाँरा भिमसेन पार्क गोरखा दरवार पर्यटकीय मार्ग | ५००० | ० |
| पाटेचौर रानीवन पन्थेश्वाँरा भिमसेन पार्क गोरखा दरवार पर्यटकीय मार्ग | १०००० | ० |
| मनकामना बहिरा आवासीय माध्यामिक विध्यालय | ३००० | ० |
| लक्ष्मी बजार डम्पिङ साइट हुदै लुदी खोला जाने सडक निर्माण | ३६०० | ० |
| लक्ष्मी बजार डम्पिङ साइट हुदै लुदी खोला जाने सडक निर्माण | १४०० | ० |
| वडा न ६ र ७ को सीमानामा पर्ने वि.पि चोकवाट नयाँ बजार सम्मको खोल्सी वरपर पसल/कबल निर्माण | ५७००० | १४१६८ |
| वडा नं. १४ मा अकला मन्दिर पर्यटकीय पुर्वाधार निर्माण | १५०० | ० |
| विन्धवासिनी डेरा गाउ सडक स्तरोन्नती | ४००० | ० |
| विभिन्न अधुरा मठ मन्दिर सामुदायिक तथा महिला भवन सम्पन्न गर्ने | २५०० | ० |
| स्टोन पार्क | १५०० | ० |
| सडक लगत कट्टा गर्ने | १००० | ० |
| स्याउली कुन्दुरटार खाेपानी योजना | ८००० | ० |
| बाह्रबिसे लिफ्ट खानेपानी योजना | ११०५ | ० |
| शिखर कोखे आहाले सडक स्तरन्नती | ३००० | ५० |
| आहाले भञ्याङ्ग देखि थकाल डाडा सम्मको सडक निर्माण | ३००० | ० |
| चिप्लेटी नौविसे ढकालखोला डाडे फाँट सडक निर्माण स्तर बृद्धी | ३००० | ० |
| बरथोक बडरे भुराज सडक स्तबृद्धी | ३००० | ० |
| मझुवा फेदी देखि गोरखा न.पा. १४ वडा कार्यालय सम्म कच्ची मोटर बाटो | ३००० | ० |

१४ **सरकारी जग्गाको प्रयोग गरी पसल कवल निर्माणः** सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७१ ले एउटा सरकारी निकायको नाममा दर्ता रहेको जग्गा अर्को सरकारी निकायलाइ आवश्यक पर्ने भएमा दर्तावाला निकायको केन्द्रीय निकायको शिफारिश तथा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सहमतिमा मालपोत कार्यालयले सम्वन्धित निकायको नाममा दाखिल खारेज गर्ने प्रावधान रहेको छ। यस विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।४।१ को परिपत्र मार्फत सवै स्थानीयत तहलाइ जानकारी समेत गराएको छ। तर यस पालिकाले वडा न ६ र ७ को सीमानामा पर्ने वि.पि चोकवाट नयाँ बजार सम्मको खोल्सी वरपर पसल/कबल निर्माण गर्ने प्रयोजनको लागि आफ्नो नाउमा नरहेको सरकारी जग्गामा माथि उल्लेखित सहमति तथा प्रकृया पुरा नगरी कार्य गराइ यस वर्ष मात्र रु १ करोड ४१ लाख ६८ हजार खर्च गरेको छ। उक्त जग्गाको स्वामित्व एकिन नगरी पसल/कबल निर्माणमा ठुलो रकम खर्च गर्नु नियमसंगत देखिएन। जग्गाको स्वामित्व एकिन गरेर मात्र यस्ता संरचना वनाउनुपर्ने देखिन्छ। | |
| १५ | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु. १७ लाख ट्रान्सफर गरेको छ । पालिकाका स्थानीय तहका कर्मचारीवाट कट्टा गरी राख्नुपर्नेमा राखेको छैन । कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन यस्तो प्रकृयामा नियन्त्रण गर्नुपर्दछ । | |
| १६ | **अनुत्पादक खर्चः** पालिकाले आफ्नो क्षेत्राधिकार भित्र वजेट वनाइ खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पुर्वाधार विकास मार्फत रोजगारी श्रृजना गर्ने क्षेत्रमा खर्च गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा मठ मन्दिर निर्माण, मस्जीद तथा चर्च निर्माण, तीज गितमा ठुलो रकम खर्च, तथा पदाधिकारी तथा कर्मचारीको अवलोकन भ्रमणमा ठुलो रकम खर्च गरेको छ।अवलोकन भ्रमणमा गएकोमा घुम्न जाने मात्र देखिएको छ भने कतिमा उपस्थित संख्या समेत खुल्दैन।अवलोकन भ्रमणमा मात्र रु ६२ लाख ४५ हजार वजेट विनियोजन गरेकोमा ४४ लाख ५३ हजार खर्च गरेको छ ।यस्तो प्रकृतिको खर्च अनुत्पादक किसिमको हुने हुदा यस्तो खर्चमा नियन्त्रण गरी उत्पादन तथा उत्पादकत्व धेरै हुने क्षेत्रमा खर्च गर्नुपर्ने देखिन्छ। | |

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|
| परम्परागत सास्कृतिक जगेर्ना सम्वन्धि कार्यक्रम तिज,दशै,भजन बालन सरक्षण | १५० | १४१ |
| तिज सम्बन्धि कार्यक्रम | ५० | ५० |
| तिज गित कार्यक्रम | ५० | ५० |
| तिज गित प्रतियोगिता तथा नेवारी बाजा खरिद | १०० | ५८ |
| महिलाहरुको लागी तिज कार्यक्म | १०० | १०० |
| महिलाको महान चार्ड तीज कार्यक्रम | ५० | ४५ |
| वडा स्तरीय तिज गीत तथा नृत्य कार्यक्रम | १०० | १०० |
| वडा स्तरीय तिज गित कार्यक्रम व्यवस्थापन तथा प्रतियोगितात्मक कार्यक्रम | ५० | ५० |
| **तिजगितमा विनियोजित तथा खर्च जम्माः** | **६५०** | **५९४** |
| ठिगुरेस्वारा शिव मन्दिर निर्माण | ५०० | ४५१ |
| वडा नं. १ मा अकला मन्दिर पार्क निर्माण | २५० | ० |
| वडा नं. १ मा अकला मन्दिर पार्क निर्माण | १००० | ४४५ |
| वडा नं. १४ मा अकला मन्दिर पर्यटकीय पुर्वाधार निर्माण | १५०० | ० |
| विभिन्न अधुरा मठ मन्दिर सामुदायिक तथा महिला भवन सम्पन्न गर्ने | २५०० | ० |
| गणेश मन्दिर निर्माण कार्य | ५०० | ४९५ |
| कृष्ण मन्दिर ट्रस निर्माण | १०० | ० |

कार्यालयको नामः गोरखा नगरपालिकाको कार्यालय, गोरखा ।　　　　आ.व. २०७६।७७

| दफा | भौचर नं., मिति र व्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | सामुदायिक भवन/आमा समूह/क्लब/मठ मन्दिर,गुम्वा,मस्जिद,विध्यालय/ विभिन्न जातजातिसंग सम्वन्धित भवन | ४५० | १८६ | | |
| | सामुदायिक भवन/आमा समूह/क्लब/मठ मन्दिर,गुम्वा,मस्जिद,विध्यालय/ विभिन्न जातजातिसंग सम्वन्धित भवन | ५० | ४५ | | |
| | आँप चौर गणेश मन्दिर | २०० | ० | | |
| | बाबा विश्वकर्मा मन्दिर | २०० | १९९ | | |
| | मेल बिसौनी अधुरो गुठी मन्दिर निर्माण | १०० | १०० | | |
| | सन्तानेश्वर मन्दिर अधुरो निर्माण | २०० | १९० | | |
| | सडक मर्मत तथा सरसफाइ धारा मठमन्दिर पाटी पौवा मर्मत | ५०० | ४९९ | | |
| | जलकन्या मन्दिर मर्मत संभार | ५० | ४९ | | |
| | बराही मन्दिर मर्मत | १०० | १०० | | |
| | लक्ष्मी बजार मन्दिर निर्माण | १०० | १०० | | |
| | शिव मन्दिर जामुने सडक ग्राबेल तथा पक्की नाला निर्माण | २०० | २०० | | |
| | १२ कि.मी. शिव मन्दिर निर्माण | ५०० | ० | | |
| | याङकोट  कृष्ण मन्दीर निर्माण अधुरो पुरा | १५० | १५० | | |
| | वडा कार्यालय छाकु बुङ्ग सलाङगीरी अकला मन्दीर मोटर बाटो सडक विस्तार र रग्रावेल पक्की सडक | ३००० | ० | | |
| | वडा कार्यालय छाकु गोरबुङ्ग सलाङगीरी अकला मन्दीर मोटर बाटो सडक विस्तार र रग्रावेल पक्की सडक | ७५० | ० | | |
| | मस्जिद मदरशा संरक्षण | १००० | ० | | |
| | मानपुर मस्जिद तारबार | १०० | ५६ | | |
| | चर्च संरक्षण | १५०० | ० | | |
| | तामाङ घेदुङ भवन मर्मत | ३०० | ३०० | | |
| | मस्जिद मदरशा संरक्षण | १००० | ० | | |
| | सतिपिपल गुम्वा निर्माण | ३२५ | ३२५ | | |
| | सतिपिपल गुम्वा निर्माण | १५०० | १३१२ | | |
| | थुम्का चुली भ्यू टावर निर्माण | ५०० | ० | | |
| | **मठ, मन्दिर, चर्च, मस्दिज आदिमा विनियोजित वजेट तथा खर्च जम्मा** | **१९१२५** | **५२०२** | | |
| | अध्ययन अवलोकन भ्रमण जनप्रतिधि तथा कर्मचारी | १५०० | १००० | | |
| | अन्तर जिल्ला तथा अन्तर स्थानिय तह न्यायिक समिति अध्ययन अबलोकन भ्रमण खर्च | २०० | ० | | |
| | बाल क्लब सञ्जालको अबलोकन भ्रमण | ३०० | २७६ | | |
| | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २०० | २०० | | |
| | जनप्रतिनिधि कर्मचारी संस्था टोल विकास संस्थाको पदाधिकारी अध्ययन भ्रमण | ३०० | ३०० | | |
| | जनप्रतिनिधि कर्मचारी वडामा रहेका अन्य संस्था टोल विकास संस्थाको पदाधिकारी अध्ययन भ्रमण तथा क्षमता विकास | ३०० | ५० | | |
| | जनप्रतिनिधि कर्मचारी संस्था टोल विकास संस्थाको पदाधिकारी अध्ययन भ्रमण | २०० | २०० | | |
| | जनप्रतिनिधि कर्मचारी संस्था टोल विकास संस्थाको पदाधिकारी अध्ययन भ्रमण | ३०० | २५८ | | |
| | जेष्ठ नागरिक देव स्थल भ्रमण | १५० | १५० | | |
| | टोल बिकासको पदाधिकारी जनप्रतिनिधीहरुलाइ अन्तर नगरपालिका अबलोकन भ्रमण | २०० | २०० | | |
| | अध्ययन भ्रमण (जन प्रतिनिधि कर्मचारी टोल आदी ) | २०० | ५० | | |
| | सबै टोल बिकास संस्थाका प्रतिनिधि कर्मचारी जनप्रतिनिधि लाइ अध्ययन भ्रमण गर्ने | ३०० | ३०० | | |
| | जनप्रतिनिधि कर्मचारी संस्था टोल विकास संस्थाको पदाधिकारी अध्ययन भ्रमण | ३०० | २४० | | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| जनप्रतिनिधि कर्मचारी संस्था टोल विकास संस्थाको पदाधिकारी अध्ययन भ्रमण | १०० | १०० |
| वडा स्तरीय जनप्रतिनिधि कर्मचारी टोल बिकास संस्थाहरुको पदाधिकारीहरु अध्ययन भ्रमण गर्ने | ३०० | २९२ |
| वडा समिति न्यायिक समिति टोल विकाश आमा समुह महिला समुह तथा कलबका प्रतिनिधिहरुको अध्ययन अवलोकन भ्रमण | २०० | २०० |
| जनप्रतिनिधि कर्मचारी संस्था टोल विकास संस्थाको पदाधिकारी अध्ययन भ्रमण | ३०० | ३०० |
| जनप्रतिनिधि कर्मचारी संस्था टोल विकास संस्थाको पदाधिकारी अध्ययन भ्रमण | १५० | १३९ |
| जेष्ठ नागरीक धार्मिक भ्रमण तथा लठ्ठी वितरण | १०० | ० |
| बालबालिका अवलोकन भ्रमण र सचेतना कार्यक्रम | ५० | ५० |
| अन्तर जिल्ला कृषि संजाल संयोजक भ्रमण | ३०० | ११६ |
| कार्यक्रम अनुगमन निरिक्षण एवं अवलोकन भ्रमण खर्च | ५० | ० |
| तिनदिने अन्तर जिल्ला अगुवा कृषक तथा जनप्रतिनिधीहरुको अनुगमन तथा अवलोकन भ्रमण | २०० | ० |
| भ्रमण खर्च | ४५ | ३२ |
| **कार्यक्रम खर्च शिर्षक अन्तर्गत अवलोकन भ्रमणको लागि विनियोजित तथा खर्च रकम** | **६२४५** | **४४५३** |

माथि उल्लेखित कार्यक्रमहरु मध्ये केही कार्यक्रम वडाहरुले परिवर्तन गरेकोमा पछि पालिकाले अनुमोदन गरेको तर सुत्रमा कार्यक्रम संसोधन नभएकोले सोही शिर्षक देखिएको छ। कार्यक्रम संसोधन गरेपछि सुत्रमा सोही अनुसार पोष्टीङ गर्नुपर्नेमा पोष्टीङ नगरेकोले कार्यक्रम गत प्रगति भिडान नहुने अवस्था छ।

१७

**भवन निर्माणमा खर्चः** पालिकाले आफ्नो क्षेत्राधिकार भित्र वजेट वनाइ खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पुर्वाधार विकास मार्फत रोजगारी श्रृजना गर्ने क्षेत्रमा खर्च गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा मन्दिर निर्माण, विभिन्न संघसंस्थाको भवन निर्माण जस्ता क्षेत्रमा ठुलो रकम खर्च गरी पुजीगत तर्फ भवन निर्माण शिर्षकमा ठुलो रकम खर्च गरेको छ। यस पालिकाले विद्यालय, पालिकाको आफ्नै भवन, स्वास्थ्यको लागि भवन तथा पुर्वाधार साझेदारी अन्तर्गत भवनमा विनियोजित रहेको रकम वाहेकको भवन निर्माण शिर्षकमा योजना छुट्याइ खर्च गरेको रकम देहायअनुसार रहेको छ।सामुदायिक भवनमा मात्र यस वर्ष रु १ करोड ८१ लाख ५० हजार वजेट विनियोजन गरी रु १ करोड ३२ लाख ९५ हजार खर्च गरेको छ। यस्तो खर्चमा कमी ल्याइ दिगो रोजगारी श्रृजना हुने तथा स्थानीय आवश्यकता पुर्ति हुने योजनामा रकम खर्च गर्नुपर्ने देखिन्छ।

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|
| अमलापानी महिला समुह भवन निर्माण | ३०० | ३०० |
| इलम प्रशिक्षण केन्द्र भवन निर्माण | २५० | २५० |
| इलम प्रशिक्षण केन्द्र भवन निर्माण | १००० | ६४० |
| तामाङ घेदुङ भवन मर्मत | ३०० | ३०० |
| रानीस्वाँरा रेडक्रस भवन निर्माण | २०० | २०० |
| वडा नं. २ ताप्लेमा सामुदायिक भवन म्याचिङ | २००० | २००० |
| विभिन्न अधुरा मठ मन्दिर सामुदायिक तथा महिला भवन सम्पन्न गर्ने | २५०० | ० |
| पणेनी चौतारा आसपास स्वास्थ्य खोप केन्द्र र गाँउ घर क्लिनिक सामुदायिक भवन निर्माण | २०० | ० |
| रातामाटा महिला सामुदायीक भवन | २०० | १८९ |
| गरापानी महिला सामुदायिक अधुरो भवन निर्माण | २०० | २०० |
| नमुना अधुरो सामुदायिक भवन निर्माण | १०० | ९८ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| पुतली बगैचा सामुदायिक भवन निर्माण | १५० | ० |
| बानियाँ गाँउ टोल बिकास सस्था भवन निर्माण | २०० | २०० |
| भगवती स्थान महिला सामुदायिक भवन निर्माण | २०० | १७३ |
| लप्सीबोट महिला भवन | २०० | २०० |
| नाङ्गलेपानी टोलमा सामुदायिक भवन निर्माण | ३०० | ० |
| ढाड गाँउ महिला भवन | १०० | १०० |
| सतिपिपल क्लब भवन | ३०० | ३०० |
| सरस्वाती मार्ग सामुदायिक भवन अगाडी ढलान | ५०० | ४९६ |
| सात धुरे सामुदायिक भवन | १५० | १५० |
| डण्डीडाँडाको समिचौरमा वडा कार्यालय भवन निर्माण | ३००० | ३००० |
| डण्डीडाँडाको समिचौरमा वडा कार्यालय भवन निर्माण | ७५० | ७५० |
| माथिल्लो डण्डीडाँडामा ट्रस निर्माण एकल महिला भवन | २०० | २०० |
| आले गाउ सामुदायिक भवन निर्माण | ५०० | ० |
| जनशक्ती महिला भवन पुर्णता | ५०० | ० |
| बाह्रबिसे सामुदायिक भवन निर्माण | १०० | १०० |
| मदर्शा फौजाने आलहजतको भवन ट्रस निर्माण | १०० | १०० |
| मनकामना महिला समुह भवन निर्माण | १०० | ९५ |
| आइती पधेरा क्रियापुत्री भवन निर्माण | १०० | १०० |
| कुवापानी क्रियात्री भवन निर्माण | १०० | ९८ |
| जिवन ज्योति महिला समुह बहु उद्धेश्यीय अधुरो भवन निर्माण | ५०० | ३७४ |
| टक्सारटारी सामुदायीक वन अधुरो भवन निर्माण | १०० | १०० |
| तमु छोज धि बहुउद्धेश्यीय भवन निर्माण | १०० | ० |
| नया वडा कार्यालय भवन छाना छत निर्माण | १०० | १०० |
| शान्ती नगर महिला समुह भवन निर्माण | १०० | ९९ |
| शिखर महिला समुह बहुउद्धेश्यीय भवन निर्माण | ५०० | ५०० |
| शिखर सामुदायिक वन भवन निर्माण | १०० | १०० |
| सक्रिय आमा समुह बहुउद्धेश्यिय भवन अधरो निर्माण | २५० | २४० |
| सिर्जनसिल भवन देखि खत्री गाउ सिढी बाटो निर्माण | १०० | १०० |
| १२ कि.मी. सामुदायिक भवन निर्माण | ४०० | ३७५ |
| १३ कि.मी. सामुदायिक भवन निर्माण | २०० | १६८ |
| अडाई गाउँ भवन मर्मत | १५० | १५० |
| गल्छिना सामुदायिक भवन अधुरो सम्पन्न गर्ने | २०० | २०० |
| जल देवि वन देवि कृषी सामुदायिक भवन अधुरो सम्पन्न गर्ने | ४०० | ४०० |
| मनमत्था सामुदायिक भवन नयाँ निर्माण | १५० | १५० |
| शिक्षा तथा स्वास्थ्य र कार्यालयका भवन वाहेक अन्य भवनको जम्माः | **१८१५०** | **१३२९५** |

१८ **उपभोक्ता समितिमार्फत खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा निर्माणका कार्य मात्र उपभोक्ता समितिमार्फत गराउनुपर्ने तथा हस्तान्तरण गर्न सकिने कामहरु उपभोक्ता समितिमार्फत गराउनुपर्ने उल्लेख भएकोमा कार्यालयले सिसिटिभि क्यामरा खरिद तथा जडान गर्ने साथै सोलार जडान गर्ने कार्य समेत उपभोक्ता समिति मार्फत

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको देखियो। निर्माणको कार्य वाहेक सामानहरु समेत उपभोक्ता समितिमार्फत खरिद गर्नु उचित देखिएन भने उक्त काम सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रतिकुल समेत देखियो। कार्यालयले सामानहरु वोलपत्र तथा शिलवन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने सामानहरु समेत उपभोक्ता समितिमार्फत खरिद गरि भुक्तानी दिनु अनियमित देखिएकोमा उक्त व्यहोरालाई नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत प्रतिस्पर्धा नगराई उपभोक्ता समितिमार्फत खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |

| भौ नं र मिति | उपभोक्ता समितिको नाम तथा कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| २४६ | | १०००००० |
| ७९२ | भिमसेन थापा पार्क पश्चिमकाली परिशर चिल्ड्रेन पार्क परिषरमा सौर्य सडक वत्ति योजनाको काम गरेकोमा उ स लाइ भुक्तानी, जसमा ए जि पावर सप्लायर्सवाट रु १०३२९७५। को सोलार सामान खरिद | १०००००० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १९ | **प्रिन्टेड विलका आधारमा भुक्तानीः** मुल्य अभिवृद्दि कर ऐन, २०५२ मा विल विजक जारी गर्दा शिलशिलेवार नं सहितको विजक जारी गर्नुपर्ने उल्लेख छ। कार्यालयले वडा नं १३ को तिजगित कार्यक्रमको लागि अनिलभक्त उपाध्यायलाइ रु १ लाख दिएकोमा खर्चका प्रमाण हेर्दा रु ६७०००। को संजय किराना पसलको प्रिन्ट गरेको विलका आधारमा भुक्तानी दिएको देखियो। विल छपाइ समेत नभएको अवस्थामा प्रिन्ट गरेर विल पेश गर्नु र सोही विलका आधारमा रकम भुक्तानी गर्नु अनियमित देखिएकोमा उक्त व्यहोरालाइ नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत ख गर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| २० | **वढी दरले भत्ता भुक्तानीः** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ८ मा सभा, कार्यपालिका, वडा समिति वा न्यायिक समिति साथै स्थानीय तहको अन्य कुनै समितिको वैठकमा भाग लिएवापत प्रत्येक दिनको लागि अनुसूची वमोजिम रु १०००। को दरले भत्ता पाउने व्यवस्था गरेकोमा कार्यालयले भौ नं ७९६ मिति २०७७।३।३१ वाट कुल रु १९२९७००। खर्च गरेकोमा प्रति वैठक रु १५००। को दरले भत्ता उपलव्ध गराएको छ। ऐनमा तोकिए भन्दा वढिको दरले भत्ता वितरण गर्दा देहायअनुसार वढी भुक्तानी भएको देखिएकोले वढी भुक्तानी भएको रु ५५६६०८। मध्ये रु ४८८६४२। असुल भएको प्रमाण प्रतिक्रया साथ पेश भएको हुदाँ असुल हुनुपर्ने बाकी रु | ६७९६६ |

| समितिको नाम | दिएको | | दिनुपर्ने | | कर कट्टी पछिको वढी भुक्तानी |
|---|---|---|---|---|---|
| | दर | रकम | दर | रकम | |
| नगर स्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समिति | १५०० | १३५०० | १००० | ९००० | ३८२५ |
| अपांगता समन्वय समिति | १५०० | २१००० | १००० | १४००० | ५९५० |
| वजेट श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति | १५०० | १२००० | १००० | ८००० | ३४०० |
| राजस्व परामर्श समिति | १५०० | ४३५०० | १००० | २९००० | १२३२५ |
| नगर स्तरीय योजनाको अनुगमन भत्ता (अनुगमन समितिको वैठक) जेठ र असारको | १५०० | २७९००० | १००० | १८६००० | ७९०५० |
| नगर स्तरीय योजनाको अनुगमन भत्ता (अनुगमन समितिको वैठक) जेठ र असारको | १५०० | २५९५०० | १००० | १७३००० | ७३५२५ |
| नगर स्तरीय योजनाको अनुगमन भत्ता (अनुगमन समितिको वैठक) | १५०० | ९४५०० | १००० | ६३००० | २६७७५ |
| नगर स्तरीय योजनाको अनुगमन भत्ता (अनुगमन समितिको वैठक) जेठ महिनाको | १५०० | १७८५०० | १००० | ११९००० | ५०५७५ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| नगर स्तरीय योजनाको अनुगमन भत्ता (अनुगमन समितिको वैठक) चैत्र महिनाको | १५०० | १७४००० | १००० | ११६००० | ४९३०० |
| न्यायिक समितिको वैठक भत्ता | १५०० | ६७५०० | १००० | ४५००० | १९१२५ |
| कार्यपालिकाको वैठक भत्ता | १००० | ३६३००० | १००० | ३६३००० | ० |
| न्यायिक समितिको फिल्ड भत्ता | १५०० | ६२५०० | १००० | ४१६६७ | १७७०८ |
| वडा सचिवको मासिक वैठक भत्ता | | १८७००० | | नपाउने | १५८९५० |
| नगर जलश्रोत समितिको वैठक भत्ता (भौ नं ३६०) | १५०० | ५१००० | १००० | ३४००० | १४४५० |
| शिक्षा समितिको वैठक भत्ता ( भौ नं ७११) | १५०० | १४७००० | १००० | ९८००० | ४१६५० |
| जम्मा | | १९५३५०० | १४००० | १२९८६६७ | ५५६६०८ |

२१ **खर्चका प्रमाण नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले भौ नं ५७० वाट अनिलभक्त उपाध्यायलाइ भकारो सुधार कार्यक्रम अन्तर्गत रु १ लाख भुक्तानी गरेको छ। उक्त रकम २० जनालाइ नगदै अनुदान दिएकोमा कार्यसम्पन्न प्रतिवेदन, खर्चका प्रमाण पेश गरेको छैन भने उक्त रकमको काम भएको सम्वन्धमा फोटो समेत नभएकोले खर्चको सहि सदुपयोग भए नभएको एकिन गर्न सकिएन।

२२ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ ।

- भौ नं ७८७ वाट ७ जना प्राविधिकलाइ फिल्ड भत्ता वापत रु ६९६०००। उपलव्ध गराएको तथा सरसफाइ भत्ता रु ४०७०००। उपलव्ध गराएको, फिल्ड भत्ता उपलव्ध गराएकोमा दैनिक भ्रमण भत्ता दिन नहुनेमा सो को अभिलेख नराखेको,
- भौ नं ७८६ वाट प्रमुख प्रशासकिय अधिकृत समेत ७ जनालाइ खाइपाइ आएको २ महिनाको (जेष्ठ र असारको तलव वरावर) तलव वरावरको भत्ता रु ४५५२५५। भुक्तानी गरेको छ भने भौ नं ८०४ वाट २ कर्मचारीलाइ एक महिनाको प्रोत्साहन वापत रु ६३७९०। भुक्तानी दिएको।

२३ **कार्यपालिका सदस्यलाइ सन्चार भत्ताः** साविकको स्थानीय तहका पदाधिकारीको सुविधा सम्वन्धी ऐन, २०७५ मा कार्यपालिका सदस्यलाइ सन्चार भत्ता दिने व्यवस्था नभएकोमा यस कार्यालयले असोज सम्मको तलव भुक्तानी गर्दा ८ सदस्यलाइ मासिक रु १०००। को दरले २४०००। भुक्तानी भएको देखिएकोले नपाउने उक्त भत्ता असुल गर्नुपर्ने रु २४०००

२४ **दिवा खाजा भुक्तानीः** कार्यालयले पालिकाको वजेटवाट वालविकास कक्षामा पढने विद्यार्थि तथा कक्षा १ मा अध्ययनरत विद्यार्थीलाइ दैनिक रु २०। को दरले दिवा खाजा उपलव्ध गराएको छ। जसमा भौ नं २१८ वाट मंसीर देखि चैत्र सम्मको दिवाखाजा उपलव्ध गराइ वाल विकास कक्षाको लागि कुल ६६१ जना वालवालिकालाइ रु २० को दरले ७५ दिनको खाजा उपलव्ध गराइ रु ९९१५००। खर्च लेखेको छ भने कक्षा १ मा अध्ययनरत ५१३ विद्यार्थीलाइ रु २० को दरले ७५ दिनको खाजावापत रु ७६९५००। उपलव्ध गराएको छ। यसरी रकम उपलव्ध गराउदा हाजिरी अभिलेख भिडान नगरी सवै विद्यार्थीको लागि रकम उपलव्ध गराउदा उपस्थित नभएको दिनको समेत भुक्तानी जाने अवस्थाले गर्दा एकमुष्ट रुपमा सवै दिनको खाजा उपलव्ध गराउनु उचित देखिएन। साथै चैत्र वाट देश लकडाउनमा गएको अवस्थामा लकडाउनको अवधिमा विद्यालय वन्द भएको अवस्थाले गर्दा दिन नखुलाइ मंसीर देखि चैत्र सम्मको भनि एकमुष्ट रुपमा अनुदान उपलव्ध गराउनु उचित देखिएन।

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५ | **पानी वत्ति र आधारभुत सरसफाइको लागि प्रति विद्यार्थी अनुदानः** कार्यालयले प्रत्यक्ष रुपमा विद्यार्थीको लागि खर्च नहुने कामको लागि पनि प्रति विद्यार्थी भनि पानी वत्ति र आधारभुत सरसफाइको लागि प्रति विद्यार्थी लागत अनुदान शिर्षकमा वजेट राखी भौ नं ५२९ वाट प्रति विद्यार्थी रु ७६। को दरले ४९ विद्यालयलाइ रु ६७३९६८। उपलव्ध गराएको छ। विद्यार्थीको लागि सहयोग हुने कार्यमा विद्यार्थी संख्या हेरेर अनुदान उपलब्ध गराउने अवस्थामा अन्य खर्चको लागि पनि यसरी प्रति विद्यार्थी अनुदान दिएको देखिन्छ। यसरी उपलब्ध गराएको अनुदानको सहि उपयोग भए नभएको अनुगमन पर्दछ। | |
| २६ | **अतिरिक्त समय खाजा व्यवस्थापन खर्चः** कार्यालयले वार्षिक वजेटमा समावेश नभएको अतिरिक्त समय खाजा व्यवस्थापन खर्च शिर्षकलाइ पछि विभिन्न कार्यक्रमवाट रकमान्तर गरी भौ नं ५९९ वाट महेन्द्र मा वि लाइ रु ६०००००। भुक्तानी दिएको छ। जसमा २०७६ वैशाख देखि २०७६ फाल्गुण सम्म (चैत्रमा लकडाउन भएकोले भुक्तानी नभएको) दैनिक अतिरिक्त ३ घण्टा कक्षा सन्चालन गरेको आधारमा भनि रकम भुक्तानी गरेको छ। विद्यालयको लागि वर्षे विदा र चाडपर्व विदा गरि कुल २ महिना विदा हुने अवस्थामा पनि यस विद्यालयलाइ सवै महिनाको भुक्तानी दिएको देखिन्छ। उक्त विदामा अतिरिक्त अध्यापन भएको प्रमाण नराखी भुक्तानी दिनु उचित देखिएन।अतः पढाइ नहुने २ महिनाको रकम उक्त विद्यालयवाट असुल गर्नुपर्ने रु | १९००९० |
| २७ | **नेतृत्व विकास तथा क्षमता अभिवृद्दि तालिमः** अर्थ मन्त्रालयको कार्यसन्चालन निर्देशिका, २०७५ मा तालिम सन्चालन गर्दा कक्षा कम्तीमा १ घण्टा ३० मिनेटको हुनुपर्ने उल्लेख छ।यस पालिकाले महिला तथा दलित जनप्रतिनिधिको नेतृत्व विकास तथा क्षमता अभिवृद्दि तालिम सन्चालनको लागि मानववादी समाज (सोच) नेपाललाइ भौ नं २८२ मिति २०७६।१०।१० वाट रु ३ लाख भुक्तानी गरेको छ। मिति २०७६ माघ २० र २१ गरी दुइ दिनको उक्त तालिममा प्रशिक्षक भत्तामा मात्र रु ४९०००। खर्च भएको छ। कार्यतालिका अनुसार विहान ८ देखि बेलुका ६:१५ सम्म कक्षा सन्चालन हुने उल्लेख गरेको तर अधिकांश कक्षा ४५ मिनेट देखि १ घण्टा भित्रका रहेका छन्। कार्यसन्चालन निर्देशिका अनुसार प्रति कक्षा कम्तीमा १ घण्टा ३० मिनेटको हुदा वढीमा दिनको ६ कक्षा हुदा पनि प्रशिक्षक भत्ता वापत प्रति कक्षा रु १६००। को दरले १९२००। खर्च हुनेमा रु ४९०००। खर्च गरेकोले रु २९८००। वढी भुक्तानी भएको, उक्त निर्देशिकामा पाठ्यक्रम निर्माण गरेवापत भनि भत्ता दिन नमिल्नेमा रु २०००। दिएको तथा २ दिनको लागि संयोजक भत्ता भनि ८००। दिन मिल्नेमा रु ३०००। दिएकोले वढी भत्ता दिएको रकम असुल गर्नुपर्ने रु<br><br>साथै होटल खर्चमा ठुलो रकम रु १५४४८२। खर्च भएकोले पर्याप्त आधार वेगर रकम खर्च गर्नु उचित देखिएन। | ३४००० |
| २८ | **गैर सरकारी संस्थाको प्रोफाइल तयारीको लागि खर्चः सार्वजनिक निकायले** खर्च गर्दा मितव्ययी, प्रतिस्पर्धी तथा स्थानीय आवश्यकता अनुरुपको कार्य गर्नुपर्दछ। कार्यालयले गैर सरकारी संस्थाको प्रोफाइल तयार गरेवापत मानववादी समाज (सोच) नेपाललाइ भौ नं ७५१ मिति २०७७।३।३० वाट रु २९९८५९।भुक्तानी गरेको छ। गैर सरकारी संस्थाको प्रोफाइल तयार नै गर्नुपर्ने गरी किन आवश्यकता परेको हो र यसवाट हुने उपलव्धी हुने हो सो को विश्लेषण नगरी रकम मात्र खर्च गर्नु उचित देखिएन। यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| २९ | **रेडक्रशलाइ भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ मा अन्य प्रयोजनको लागि रकम खर्च गर्न नहुने उल्लेख छ । कार्यालयले रेडक्रश शाखालाइ गोष्ठीको लागि रु १६५०००। रकम उपलव्ध गराएको छ। नेपाल रेडक्रश सोसाइटी एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था भएको र यसको आफ्नै श्रोत तथा खर्च हुने अवस्थामा उक्त कुराको ख्याल नगरी रेडक्रशलाइ रकम भुक्तानी गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।<br>**भौ नं** \| **विवरण** \| **रकम** | |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>३९२</td><td>नेपाल रेडक्रश सोसाइटीलाइ ४० औ राष्ट्रिय नेपाल जुनियर युवा रेडक्रश गोष्ठीमा भएको खर्च (होटलका विल मात्र रहेको)</td><td>१०००००</td></tr>
<tr><td>४३२</td><td>नेपाल रेडक्रश सोसाइटीलाइ ४० औ राष्ट्रिय नेपाल जुनियर युवा रेडक्रश गोष्ठीमा भएको खर्च (होटलका विल मात्र रहेको)</td><td>५००००</td></tr>
<tr><td>५४०</td><td>रेडक्रशलाइ अनुदान</td><td>१५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td>जेष्ठ नागरिक सम्मानः वडा नं ९ को कार्यक्रम अन्तर्गत कार्यालयले जेष्ठ नागरिक एकल महिला सम्मानमा भौ नं ४७९ वाट रु २ लाख खर्च गरेको छ। जसमा कुल ३१४ जनालाइ यातायात भत्ता दिएर सम्मान गरेको जनाएको छ। यातायात भत्ता वडामा आउने जाने वापत दिने रकम भएको हुदा सम्मानको लागि वोलाएर यातायात भत्ता भुक्तानी गर्नु उचित देखिएन। उक्त रकम मध्ये रु १२७५०। खाजामा खर्च गरेको छ भने रु ६०००। अनुगमन भत्तामा खर्च गरेको छ। यातायात भत्ता दिने गरी सम्मानको कार्यक्रम राखेकोमा अनुगमन गरेको भनि भत्ता दिनु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३१</td><td>वढी दरले वैठक भत्ता भुक्तानीः गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ मा वैठक भत्ता वापत रु १०००। को दरले भुक्तानी दिने उल्लेख छ। कार्यालयले भौ नं ४९७ वाट नगरसभा वैठकवापत प्रति सहभागी रु १५००। को दरले रु ११४०००। भुक्तानी भएको छ। ऐनमा भएको व्यवस्था अनुसार रु १०००। को दरले वैठक भत्ता भुक्तानी दिनुपर्नेमा रु रु ३८०००। वढी भुक्तानी भएकोले कर कट्टी भएपछिको वाँकी रकम असुल गर्नुपर्न रु ३२३००। मध्ये रु ३१८७५।असुल भएको प्रमाण प्रतिक्रयासाथ पेश भएकोले बाँकी असुल हुनुपर्ने रु</td><td>४२५</td></tr>
<tr><td>३२</td><td>खर्चका प्रमाण नभएकोः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कार्यक्रम सन्चालनको लागि स्वास्थ्य संस्थाहरुलाइ अनुदान दिएकोमा खर्चका प्रमाण पेश गरेको छैन। उक्त खर्चका प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>६४</td><td>स्वास्थ्य संस्थाहरु मार्फत पोषण झोला कार्यक्रम सन्चालन गर्न विभिन्न स्वास्थ्य संस्थालाइ रु १९७००००। अनुदान</td><td>१९७००००</td></tr>
<tr><td>१५५</td><td>कार्यालय सामान, मसलन्द, पानी, विजुली आदिमा हुने खर्चको लागि १५ स्वास्थ्य केन्द्रहरुलाइ अनुदान</td><td>६०००००</td></tr>
</table>
</td><td>२५७००००</td></tr>
<tr><td>३३</td><td>मानव सेवा आश्रमलाइ अनुदानः कार्यक्रम खर्च शिर्षकवाट सडक मानव रहित वनाउने उद्देश्यले स्थापित मानव सेवा आश्रमलाइ भौ नं १४९ वाट रु ८०००००। अनुदान दिएकोमा उक्त खर्चका प्रमाण राखेको छैन भने उक्त रकम प्राप्त गरेकोमा निजले आफ्नो आय विवरणमा आम्दानी वाँधेको छ वा छैन सो सम्वन्धमा लेखापरीक्षण प्रतिवेदन समेत माग गरेको छैन। दर्ता भइ सन्चालित सहयोगी संस्थाहरुलाइ दिएको रकमको सहि सदुपयोग गर्ने गरी आन्तरिक नियन्त्रणलाइ प्रभावकारी वनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td>कृषि तथा पशुमा अनुदानः सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>अनुदान रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ५८२ | आल्मिनियमको मिल्क क्यान खरिद गर्न टंक कुमारी पुर्जालाइ भुक्तानी गरेकोमा २२ थान क्यान खरिद | २००००० |
| ६४२ | ५० प्रतिशत अनुदानमा २७३०० केजी धानको विउ खरिद गरी वितरण | ८५२९५० |
| ६४० | धान खरिद गर्न श्री जनमुखी उपभोक्ता सहकारी संस्थालाइ भुक्तानी | २३१००० |

यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३४.१ | अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| ३४.२ | कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | |
| ३४.३ | अनुदानमा धान विउ खरिद तथा अन्य खरिदमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन भने असारमा धानको विउ खरिद गरि वितरण गर्दा सिजन सकिने अवस्था रहने हुदा यसमा ध्यान दिएको देखिएन। | |
| ३४.४ | कार्यालयले भौ नं ६४२ वाट ५० प्रतिशत अनुदानमा २७३०० केजी धानको विउ खरिद गरी वितरण गर्नको लागि राम धानको प्रति केजी रु ६५। राखेको र सावित्रिको रु ६०। राखि कुल रु ८५२९५०। भुक्तानी (विभिन्न ३ फर्मवाट खरिद) भएकोमा भौ नं ६४० वाट समेत धान खरिद गर्न श्री जनमुखी उपभोक्ता सहकारी संस्थालाइ २३१०००। भुक्तानी भएको देखिन्छ। तर राम धानको खरिद दर ६८। र सावित्रि धानको दर रु ६४। रहेको देखिन्छ। यसरी हेर्दा जनमुखी उपभोक्ता सहकारी संस्थालाइ राम धान ३५००। केजीमा १०५००। तथा सावित्रि धान ३५००। केजी खरिदमा १४०००। गरी कुल २४५००। फरक परेको अवस्था छ। धानमा मात्र कार्यालयले कुल १०८३९५०।भुक्तानी गरेकोमा प्रतिस्पर्धा नगरेको कारण फरक परेको देखिएको छ। यसमा सुधार गर्नुपर्दछ। | |
| ३४.५ | कार्यालयले भौ नं ५८२वाट आल्मिनियमको मिल्क क्यान खरिद गर्न टंक कुमारी पुर्जालाइ रकम भुक्तानी गरेकोमा २२ थान क्यान खरिदमा रु २०००००। खर्च भएको देखिन्छ। उक्त सामान वितरण गरेको जनाएपनि वितरणको प्रमाण श्रेष्ता साथ संलग्न गरेको छैन भने सामान खरिदको लागि व्यक्तिलाइ रकम भुक्तानी गर्नु उचित देखिएन। | |
| ३५ | **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयको वडा कार्यालयको भवन कम्पाउण्ड निर्माणको काम उपभोक्ता समिति गठन गरी कार्य गराइ वडा कार्यालय भवन कम्पाउण्ड नाला निर्माण उपभोक्ता | |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>समितिलाइ भौ नं ७४९ चालु वाट रु १७५०००। भुक्तानी दिएको छ भने पुजीगत भौ नं २९३ वाट रु ८८०२१०। भुक्तानी भएको छ। उपभोक्ता समितिले गर्ने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत कार्य गराउनु उचित देखिएन।</td><td></td></tr>
<tr><td>३६</td><td>अनुगमन भत्ताः गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा अनुगमन वापत भत्ता दिने गरेको देखिन्छ र त्यसवाहेक अनुगमनको नाममा अन्य सुविधा दिएको छैन भने कर्मचारीलाइ अनुगमन गरेको भनि भत्ता दिने कानुन छैन साथै नेपालको संविधानले वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख गरेको छ । तर यस स्थानीय तहले विभिन्न कामको अनुगमन गरेको भनि जनप्रतिनिधि, प्रमुख प्रशासकिय अधिकृत, लगायतका अन्य कर्मचारीलाई भत्ता भुक्तानी गरेको छ ।अनुगमन सम्वन्धमा कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएको र कर्मचारीको हकमा समेत यस्तो भत्ता पाउने कुनै कानूनी आधार नभएकोमा पालिकाले उक्त भत्ता वितरण गरेको छ । यसरी कानूनी आधार वेगर भत्ता वापत रकम भुक्तानी गर्नु अनियमित देखिएकोमा उक्त व्यहोरालाइ नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>भत्ता रकम</th></tr>
<tr><td>११४</td><td>वजारको अनुगमन गरेकोमा अनुगमन भत्ता दिएको</td><td>७८०००</td></tr>
<tr><td>७९६</td><td>नगर स्तरीय योजनाको अनुगमन भत्ता (अनुगमन समितिको वैठक) जेठ र असारको</td><td>२७९०००</td></tr>
<tr><td>७९६</td><td>नगर स्तरीय योजनाको अनुगमन भत्ता (अनुगमन समितिको वैठक) जेठ र असारको</td><td>२५९५००</td></tr>
<tr><td>७९६</td><td>नगर स्तरीय योजनाको अनुगमन भत्ता (अनुगमन समितिको वैठक)</td><td>९४५००</td></tr>
<tr><td>७९६</td><td>नगर स्तरीय योजनाको अनुगमन भत्ता (अनुगमन समितिको वैठक) जेठ महिनाको</td><td>१७८५००</td></tr>
<tr><td>७९६</td><td>वजार अनुमगन गरेवापत अनुगमन भत्ता (१००० को दरले)</td><td>६९०००</td></tr>
<tr><td>७९६</td><td>होमस्टे अनुगमन तथा निरिक्षण समितिको वैठक भत्ता</td><td>२९०००</td></tr>
<tr><td>७१२</td><td>शिक्षा शाखावाट अन्तर्गतका विद्यालयको अनुमगन भत्ता</td><td>९९०००</td></tr>
<tr><td>७९४</td><td>विभिन्न समयमा अनुगमन गरेको भनि अनुगमन समितिको वैठक भत्ता भुक्तानी</td><td>२८२०००</td></tr>
<tr><td></td><td>जम्माः</td><td>१३६८५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td>कक्षा भत्ता दिएकोः कार्यसन्चालन निर्देशिका, २०७५ मा एउटै निकायका पदाधिकारीले कक्षा लिएकोमा कार्यपत्र वापत रकम भुक्तानी गर्न मिल्ने तर कक्षा सन्चालनको भत्ता नपाउने उल्लेख गरेकोमा कार्यालयले भौ नं ८८ वाट जिन्सी सम्वन्धी तालिमको लागि रामकुमार श्रेष्ठलाइ भुक्तानी दिएकोमा कार्यपत्र वापत रु ६०००। भुक्तानी गरेकोमा पुनः कक्षा सन्चालन भनि प्रति कक्षा रु १५००। को दरले रु ९०००। भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने</td><td>९०००</td></tr>
<tr><td>३८</td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ ।कार्यालयले चालु तथा शशर्त तर्फवाट यस वर्ष रु ३९५५४१५। को लागत अनुमान तयार गरी १.१० प्रतिशत न्युनमा रु ३९१२०२३। मा मेडिसिल्स फर्मासँग संझौता गरी भौ नं ३५२ तथा शशर्त बाट कुल रु ३९३७३९२। भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः
<ul><li>इ विडिङ नगरेको कारण प्रतिस्पर्धा कम भएको देखिएको,</li></ul></td><td></td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• नगरपालिका द्धारा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएको छ भन्ने प्रमाण संलग्न नरहेको,<br>• म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको,<br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिको ध्यान दिनुपर्दछ । | |
| ३९ | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई रु २ करोड वजेट रहेकोमा रु १ करोड ९० लाख ५६ हजार खर्च भएको छ यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् : | |
| ३९.१ | **कार्यविधि विपरीत खर्चः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को बुँदा नं.८(२) मा सामग्री खरिद गरी वितरण गर्न, गैर सरकारी संस्था वा सहकारी संस्था मार्फत आयोजना कार्यान्वयन गर्न र भौतिक पूर्वाधार विकास बाहेक अन्य प्रकृतिका आयोजना छनौट गर्न नपाईने व्यवस्था रहेको छ। स्वीकृत कार्यक्रम अनुसार पर्यटन सुचना केन्द्र निर्माणको लागि रु १० लाख वजेट छुट्याइ पर्यटन पुर्वाधार सुचना केन्द्र उपभोक्ता समितिलाइ रु ९९९७६७। भुक्तानी गरेको छ। खर्च परिक्षण गर्दा निज उपभोक्ता समितिले अन्जना ट्रेडर्स एण्ड हरी सर्भिस प्रालिवाट रु ९९९७६७। का सामान मात्र खरिद गरेको देखियो। जसमा ६८३००। को एक डेष्कटप, ६६०००। को ल्यापटप, २ वटा रु ६२२०००। का फ्लोर स्टान्डिङ KIOSK खरिद गरेको छ।नियमावलीमा सामान खरिद गर्न नपाइने उल्लेख भएकोमा नियममा भएको व्यवस्था विपरीत सामानमा रकम खर्च गर्नु अनियमित देखिएकोमा उक्त व्यहोरालाइ नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। कार्यविधि विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| ४० | **कर कट्टी नगरेकोः** आयकर ऐन, २०५८ को दफा ८८ तथा ८९ मा भुक्तानीमा कर कट्टी गर्नुपर्नेमा कार्यालयले एकिकरण नेपाल गोरखालाइ शशर्त पुजीगतको भौ नं ३ वाट रु ४९९८३९। तथा चालु खर्च वाट रु ८०९७३३। गरी कुल रु १३०९४६६। भुक्तानी गरेकोमा कर कट्टी गरेको छैन। करकट्टी नभएको रकम असुल गर्नुपर्ने रु | १७३८२ |
| ४१ | **सुरक्षित आप्रवासन कार्यक्रमः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ देखि ५० सम्म जिन्सी दाखिलाको सम्वन्धमा उल्लेख छ। जस अनुसार खरिद गरेका सामानहरु जिन्सी दाखिला गर्ने तथा हस्तान्तरण गर्नुपर्नेमा | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्यालयले शशर्त पुजीगत तर्फ भौ नं ३ वाट एकिकरण नेपाल गोरखालाइ रु ४९९८३९। भुक्तानी भएको छ। जसमा मेशिनरी औजारतर्फ रु २८७३६८। तथा फर्निचर तर्फ रु २०७०००। भुक्तानी भएको छ। निजले सुरक्षित आप्रवासन सम्वन्धी काम गरेको र निज सँग गरेको संझौताको अवधि २०७९ असार मसान्त सम्म रहेको देखिन्छ। संझौतामा फर्निचर तथा मेशिनरी औजारमा रकम दिने उल्लेख नभएकोमा कार्यालयले शशर्त तर्फ वजेट आएको हुनाले भुक्तानी भएको जानकारी गराएको छ। संझौता अनुसार २०७९ असारमा यसको अवधि सकिने हुँदा खरिद गर्न दिएका मेशिनरी औजार तथा फर्निचरका सामान संझौता अवधिपछि फिर्ता गर्नुपर्ने रु | ४९९८३९ |
| ४२ | **मुल्य अभिवृद्धि कर कट्टी नगरेकोः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले यस आ.व.मा देहायको भुक्तानीमा ५० प्रतिशत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले रकमको मुल्य अभिवृद्दि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा रकम असुल हुनुपर्ने देखिएको रु | २४९०५८ |

| गो.भौरमिति | विक्रेता फर्मको नाम | मालसामानको विवरण | कुल भुक्तानी | मू.अ.कर रकम | ५०% ले हुने मु.अ.कर |
|---|---|---|---|---|---|
| ८६/०७७/१८ | सुरेन हर्ट यातायात सेवा प्रा.लि. | ५ थान दुई पाङ्ग्रे सवारी साधन खरिद | १२७४००० | १४६५६६ | ७३२८३ |
| ३५१/०७७//३१ | श्रेष्ठ फर्निचर एण्ड स्टील फर्निचर उद्योग | फर्निचर सामान खरिद कार्य | ४५२२४३ | ५२०२८ | २६०१४ |
| ३५१/०७७//३१ | सन टेक्नोलोजी | मेशिनरी सामान खरिद कार्य | ३६९८४९ | ४२५०४ | २१२५२ |
| ६३० | गोरखा विकास तथा सन्चार केन्द्र | नगरपालिकाका गतिविधि प्रशारण गर्न | ४९०००० | ५६३७२ | २८१८६ |
| ७३७ | रेजिलियन्स कन्स्ट्रक्सन एण्ड डेभपलमेन्ट प्रालि | जिआइएस नक्सांकन कार्य | ४३४४८५ | ४९९८५ | २४९९३ |
| | शशर्त पुजीगत तर्फः | | | | |
| ३ | एकिकरण नेपाल गोरखा | | ४९९८३९ | ५७५०४ | २८७५२ |
| | शशर्त चालु | | | | |
| | एकिकरण नेपाल गोरखा | | ८०९७३३ | ९३१५५ | ४६५७८ |
| | | | | | **२४९०५८** |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४३ | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) अनुसार खरिद प्रतिस्पर्धा समिति हुने गरी टुक्रा—टुक्रा पारि खरिद गर्न मिल्दैन । नगरपालिकाले तपशिल वमोजिम रु ६४४७४१५ को सोझै खरिद गरेको मध्ये रु ३४७७९५२ रकमको ७ सडक निर्माण कार्य रु. ९७९५९१ रकमको २ वटा तारजाली खरिद कार्य र रु १९८९८७२ मूल्यको ४ डि.पि.आर कार्य ५ लाख भित्रका लागत अनुमान बनाई टुक्रा-टुक्रा पारी सोझै खरिद गरेको छ। पालिकाले खरिद कार्य गर्दा बार्षिक खरिद योजना बनाई खरिद विधि तय गर्नुपर्ने र रु. ५ लाख भन्दा बढीको | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | एउटै प्रकृतिको कार्य सम्भाव भए सम्म एउटै प्याकेज बनाई शिलबन्दी दरभाउ पत्र वा बोल पत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा बोलपत्र वा दरभाउपत्र छल्ने उद्देश्य राखी पटक—पटक सोझै विधिबाट गरेको खरिद कार्य गरेको अनियमित देखिएकोमा उक्त व्यहोरालाइ नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत प्रतिस्पर्धा नगराई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |

| सि.नं. | गो.भौ / मिति | खरिद कार्यको विवरण | ल.ई. रकम | विक्रेता/फर्मको नाम | सम्झौता तथा भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | ९ | चनौटे खोला तिम्ले सडक स्तरोन्नति कार्य | ४९९१५४ | श्री साईराम फर्निचर उद्योग ओम साइराम | ४९६१६५ |
| २ | १० | सिम्ले सडक स्तरोन्नति कार्य | ४९६०७५ | बराह निर्माण सेवा | ४९५०२४ |
| ३ | ११ | तारा मा.वि. जाने सडकमा मर्मत कार्य | ४९९२०५ | कालिका निर्माण सेवा | ४९८७१५ |
| ४ | १४ | कालिमाटी हस्पिटल सडक मर्मत कार्य | ४९९१९५ | चादनी निर्माण सेवा | ४९७३४२ |
| ५ | १५ | नाम्जाली डाँडा कालोपत्रे सडक मर्मत कार्य | ४९९७४३ | एस के. निर्माण सेवा | ४९९००६ |
| ६ | १६ | परिसरमा सौचालय निर्माण कार्य | ४९८६७२ | सुविमा निर्माण सेवा | ४९५८०८ |
| ७ | १८ | वि.मि. चोक कुलदेवता सडक मर्मत कार्य | ४९८७३४ | ए—वान कन्स्ट्रक्सन | ४९५८९२ |
| ८ | २६ | वडा नं.—२, ११ र १२ को लागि तारजाली खरिद कार्य | ४९९५३४ | समाज सेवी सप्लायर्स | ४८९७८४ |
| ९ | २७ | वडा नं.—३,७ र ८ को लागि तार जाली खरिद कार्य | ४९९५३४ | किशोर सप्लायर्स | ४८९८०७ |
| जम्मा | | | | | ४४५७५४३ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४४ | **मुल्य अभिवृद्धि कर** भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता, विलभरपाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ ।यस वर्ष उपभोक्ता समितिलाई खरिदमा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी साही वमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएको फाँटवारी परिक्षण गर्दा फलामे डण्डी सम्बद्ध आईटम को खरिद विलमा समावेश भएको मु.अ.कर रकम भन्दा पालिकाले सो आईटमको रु. ८७८०३। बढी मूल्य अभिबृद्धि कर रकम सम्बन्धित निर्माण कार्यका उपभोक्ता समितिलाई भुक्तानी दिएको पाईयो । अत समितिले निर्माण कार्यको लागि खरिद गरेको डण्डीको विलमा तिरेको मूल्य अभिबृद्धि कर भन्दा पालिकाले उपभोक्ता समितिलाई भुक्तानी गरेको बढी मूल्य अभिबृद्धि कर रकम असुल हुनु पर्ने रु | ६७१५० |

| गो.भौ/मिति | योजनाको नाम | डण्डी वापतको भुक्तानी भएको मु.अ.कर. रकम | डण्डी वापतको खरिदमा उ.स.ले तिरेको मु.अ.कर रकम | बढी रकम |
|---|---|---|---|---|
| २२/०७७/९/१७ | टक्सार भञ्याङ्ग काफल गौरा सडक | २१८४५ | ६८९१ | १४९५४ |
| ८०/०७७/२/२२ | रानीटार कच्ची सडक आर.सि.सि. ढलान कार्य | ३८२२४ | २६५५० | ११६७४ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३४७/०७७/३/३१ | न्याउरी खोला सुनार गाउँ वडा नं. १४ का कच्ची सडक ढलान कार्य | १९४७६ | ५५३२ | १३९४४ |
| १६३/०७७/३/१९ | गोरखा उ.प.सको भवन देखि चण्डेनी चौतारा हुदै ठुलो वस्ती सम्मको सडक ढलान कार्य | १०७७२४ | ९११३० | १६५९४ |
| २५९/०७७/३/२९ | सरस्वती मार्ग भवन अगाडी ढलान कार्य | १९५९८ | १४१६२ | ५४३६ |
| ११४/०७७/९/२ | नयाँ बजार नयाँ बस पार्क को नाली तथा बाटो निर्माण कार्य | १४८४७ | १०२९९ | ४५४८ |
| | | | | ६७१५० |

४५ **पुर्व निर्धारित** क्षतिपुर्तिःनिर्माण सेवा सँग भएको खरिद सम्झौता तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई १० प्रतिशतमा नबढने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतले पुर्व क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी र सेवा प्रदायक वीच खरिद सम्झौताभै खरिद कार्य सम्पन्न देखाएका तपशिलका कार्यको सम्पन्न गर्नु पर्ने अवधि (म्याद थप समेत ) भन्दा ढिलो गरी सम्पन्न देखाएकोमा समेत पालिकाले निर्माण सेवा/प्रदायक लाई पूर्व निर्धारित क्षतिपूर्ति नभराई विल रकम भुक्तानी गरेको पाईयो । अत खरिद सम्झौता तथा उपरोक्त सार्वजनिक खरिद नियमावलीको नियम १२१ बमोजिम सम्पन्न गर्नु पर्ने अवधि भन्दा विलम्ब गरी सम्पन्न देखाएका निम्न बमोजिमका निर्माण सेवा र सेवा प्रदायक संख्या बाट तपसिल बमोजिम पुर्व निर्धारित क्षतिपुर्ति असुल गर्नु पर्ने रु १२७१४२८। मध्ये रु ५१५७६।असुल भई आएको प्रमाण प्रतिक्रिया साथ पेश भएकोले बाँकी असुल हुनुपर्ने रु १२१९८६१

| गो भौ नंर मिति | योजनाको नाम | निर्माण सेवा | कवोल अक | सम्पन्न गर्नु पर्ने अवधि | सम्पन्न अवधि | विलम्ब दिन | पुर्वनिर्धारित क्षतिपुर्ति रकम |
|---|---|---|---|---|---|---|---|
| ४१/०७७/२/२३ | वडा नं. १२ को कार्यालय भवन निर्माण कार्य | प्रणाली निर्माण सेवा | ५६४१६३३ | २०७६/०९/२९ | २०७७/०२/१९ | १३९ | ३९२०९३ |
| ४२/०७७/२/२७ | गोरखा अस्पतालमा फोहोर मैला व्यवस्थापन | वन्त कन्स्ट्रक्सन | १९९१७७० | २०७६/०६/३० | २०७७/२२ | २३१ | १९९१७७ |
| ४३/०७७/३/३० | गोरखा गेट निर्माण कार्य | सुसु ईन्जिनियरिङ्ग कन्सन्ट्रक्सन | ५९९०११२ | २०७६/०५/२५ | २०७७/०२/२२ | २६७ | ५९९०११ |
| १७/०७६/६/१० | १३ कि.मी. देखि न.पा. कार्यालय आउने सडक स्तरोन्नती कार्य | विन्धावासिनी विल्डर्स | ६७२०६२ | २०७६/३/१५ | २०७६/०६/०९ | ८८ | २९५७१ |
| २०७६/०६/०६ | मानव रहित हवाई उपकरण खरिद कार्य | | १४९५००० | २०७६/०३/३० | २०७६/०६/०६ | ६९ | ५१५७६ |
| **जम्मा** | | | | | | | १२७१४२८ |

४६ **विभिन्न कार्यमा बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । यस पालिकाबाट खरिद सम्झौता भै निर्माण सेवा र फर्महरुलाई रनिङ्ग विल तथा अन्तिम विलको भुक्तानी गर्दा केही आईटमहरुको दररेट फरक पारि भुक्तानी दिएको वास्तविक कार्य सम्पादन भएको भन्दा बढी हुने गरी भुक्तानी दिएको

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पाईयो । सम्झौताको शर्त, दर विश्लेषणको आधार प्राविधिक मूल्यााकन तथा नापी किताबमा उल्लेखित परिक्षण भन्दा बढी हुने गरी भुक्तानी दिएको व्यहोरा यस प्रकार छन् | |
| ४७ | **बढी भुक्तानीः** यस पालिकाको कार्यालयले पालिका भित्रका सडक योजना स्तारोन्नती गर्ने कार्य अन्तर्गत ग्रावेलिङ्ग गर्ने कार्यको लागि प्रचलित बजार दर अनुसार प्रति घ.मी. रु १५७३ दर राखी लागत अनुमान तयारी गरी विभिन्न सडक निर्माण कार्यका उपभोक्ता समिति सँग सम्झौता गरेको तर सम्झौता पश्चात केही निर्माण कार्यका उपभोक्ता समितिले बजारबाट ग्रावेल खरिद कार्य नगरि नगरपालिका सँग प्रति घ.मी. रु २११.६८ को दरले उत्खननको अनुमति लिई सडक निर्माण कार्य अन्तर्गत ग्राभेल विच्छ्याउने कार्य गरेको पाईयो।बजारबाट खरिद गरिने दर राखी लागत अनुमान तयारी गरी उ.स.सँग सम्झौता गर्न उत्खननको अनुमति लिई सडक ग्राभेलिङ्ग गर्दा नगरपालिका लाई प्रति घ.मी. ग्राभेलमा रु. १३६१.९२ थप व्ययभार पर्न गएको छ ।यस सम्बन्धमा प्राविधिक कर्मचारी सँग छलफल गर्दा लागत अनुमानको स्वीकृति र सम्झौता पश्चात मात्र उत्खननको अनुमति लिएकोले सो हुन गएको जवाफ प्राप्त भएको छ । प्रचलित बजार दर वमोजिम ग्राभेलिङ्ग गर्ने कार्यको लागत अनुमान तयार गरेर सडक निर्माण कार्यको सम्झौता गरिने तर उत्खनन्को अनुमान लिई सडक ग्राभेलिङ्ग गर्दा नगरपालिकालाई यस बर्ष तपसिल बमोजिम रु १४८३९५२ थप व्ययभार परेको छ । उक्त थप व्यभार परेको रकम सम्बन्धित सडक निर्माण कार्यका उपभोक्ता समिति बाट असूल गरिनु पर्दछ रु | १४८३९५१ |

| गो.भौ÷मिति | योजनाको नाम | ग्राभेलको नापी लिएको परिमाण | नापी लिईएको दर | नापीबाट देखिएको खर्च रु | न.पा.बाट ग्राभेल अनुमति दिएको परिमाण | अनुमति पश्चात न.पा.मा बुझाएको राजश्व | फरक रकम |
|---|---|---|---|---|---|---|---|
| १९२/०७७/०९/२३ | छेपेटार बजारबाट तारा मा.वि. जाने सडक ग्राभेल गर्ने कार्य | १८६.७५ घ.मी. | १५७३ | २९३७५७.७५ | ४२३८ घन फिट | २५४३०/४० | २६८३२७ |
| २५८/०७७/९/२९ | गुन्दीखोला प्युघर वेसी भट्टबेसी वेल चौर सडक स्तरोन्नती कार्य | ८३.२५ ३ घ.मी. | १५७३ | १३०९५२.२५ | २८२५.६ घन फिट | १६९५४ | ११३९९८ |
| २४५/०७७/९/२८ | मिलन चोक पुरानो गल्ली बगाले गाउँ नयाँ वस्ती मस्जीत सडक | १८२.२५ घ.मी. | १५७३ | २८६६७९.२५ | ४२०० घन फिट | २५२०० | २६१४७९ |
| १६४/०७७/३/१९ | छविसे समिचौर सडक स्तारोन्नती कार्य | १८६.४५ घ.मी. | १५७३ | २९३२८५.८५ | १५८९ घ.मी. | ९५३४ | २८३७५२ |
| ८०/०७७/२/२२ | रानीटार कच्ची सडक मर्मत कार्य | १६२ घ.मी. | १५७३ | २५४८२६ | १४० घ.मी. | ३३९७० | २२०८५६ |
| ८०/०७७/३/३० | कुवर गाउँ शिखरडाँडा आले टार वडखोला सडक स्तरबृद्धि कार्य | ३४८.२५ घ.मी. | १५७३ | ५४७७९७ | ५२५ घ.मी. | २४५००० | ३०२७९७ |
| ३१४/०७७/३/३१ | सुकुम्वासे चारकुने सडक | ५४ घ.मी. | १५७३ | ८४९४२ | ११६ घ.मी. | ५२२०० | ३२७४२ |
| जम्मा | | | | | | | १४८३९५१ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४८ | ६६।०७७।२।१६ सतिपिपल स्वारा सडक निर्माण कार्यको रु ५०१७१२१। को मूल्याङ्कन भई पालिकाले उपभोक्ता समितिलाई रु४०००००० भुक्तानी दिएको छ।यस सडक निर्माण कार्यको लागि एक्साभेक्टर प्रयोग भएको देखिएको र स्थानिय दररेट अनुसार सडकको कडा माटो खन्न प्रति घ.मी. रु ५५.६२ दर विश्लेशण बाट तय भएको छ । मेशिन प्रयोग भएको सडकमा कडा माटो खन्ने कार्य प्रति घ.मी. रु.५५.६२ का दर ले खर्च लेख्न पर्नेमा सडक र कच्ची नाली खन्ने कार्य १८० घ.मी. को प्रति घ.मी. रु ३९६.५५ को दरले खर्च लेख्दा प्रति घ.मी. रु ३४०.९३ ले रु६१३६७। बढी खर्च लेखेको छ । दर विश्लेशणबाट तय भएको दर भन्दा बढी दर राखी खर्च लेखेको उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुन पर्दछ | ६१३६७ |

| कामको विवरण | परिमाण | लिइएको दर | लिनुपर्ने दर | फरक दर | बढी रकम |
